## थबाङ गाउँपालिका

# विनियोजन विधेयक, २०८१

## थबाङ गाउँपालिका

## थबाङ, रोल्पा

गाउँसभामा पेश मितिः २०८१।०३।१०

गाउँसभाबाट पारित मितिः

<u>थबाङ गाउँपालिकाको विनियोजित विधेयक २०८१</u>

# थबाङ गाउँपालिकाको आथिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

सभाबाट पारित मितिः

प्रस्तावनाः थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम थबाङ गाउँ सभामा यस विधेयक पेश गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस विधेकको नाम " थबाङ गाउँपालिकाको विनियोजन विधेयक, २०८१" रहेको छ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँ कार्यपालिकाको, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **३५,८५,३४,०००।-** (अक्षेरुपी पैतीस करोड पचासी लाख चौतीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. विनियोजनः (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त थबाङ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिनेछ।

## अनुसूचि १

## थबाङ गाउँपालिकाको बजेट साराशँ

### *आय विवरण*

| श्रोत | वित्तीय समानिकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | राजश्व बाँडफाँड | समपुरक अनुदान | आन्तरकि आय | गत वर्षको मौज्दाद |
|---|---|---|---|---|---|---|---|
| नेपाल सरकार | ६,९२,००,००० | १५,७६,००,००० | ७५,००,००० | ७,२१,००,००० | ९०,००,००० | - | - |
| प्रदेश सरकार | ३९,२५,००० | १,२०,००,००० | २०,००,००० | २५,५९,००० | ७०,००,००० | - | - |
| अन्य | - | - | - | - | - | ५६,५०,००० | १००००००० |
| जम्मा | ७,३१,२५,००० | १६,९६,००,००० | ९५,००,००० | ७,४६,५९,००० | १,६०,००,००० | ५६,५०,००० | १००००००० |
| कल जम्मा | **३५,८५,३४,०००** | | | | | | |

### *व्याय विवरण*

| श्रोत | पुँजिगत बजेट | चालु बजेट | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान |
|---|---|---|---|---|---|
| नेपाल सरकार | ६,९२,००,००० | ७,२१,००,००० | १५,७६,००,००० | ९०,००,००० | ७५,००,००० |
| प्रदेश सरकार | ३९,२५,००० | २५,५९,००० | १,२०,००,००० | ७०,००,००० | २०,००,००० |
| अन्य | १,५६,५०,००० | - | - | - | - |
| जम्मा | ८,८७,७५,००० | ७,४६,५९,००० | १,२०,००,००० | १,६०,००,००० | ९५,००,००० |
| कुल जम्मा | **३५,८५,३४,०००** | | | | |